वार्षिकोत्सव प्रतिदिन १७ औं

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १३३ ॥ २०८२ असार ०८ गते आईतबार (22nd June 2025 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

## काँकडभिट्टा आउँदै गरेको बस चितवनमा दुर्घटना

# सात जनाको मृत्यु, २४ घाइते

झापा(प्रस)। धनगढीबाट काँकडभिट्टा आउँदै गरेको बस चितवनमा दुर्घटना हुँदा सात जनाको मृत्यु भएको छ भने २४ जना घाइते भएका छन् ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत चितवनको राप्ती नगरपालिका वडा नं.४ खहरेपुलमा माइक्रो र बस ठोक्किएको हो । शनिवार विहान १०:१५ बजे धनगढीबाट काँकडभिट्टातर्फ आउँदै गरेको प्रदेश १-०१-००१ख ३५८३ नम्बरको बस र मकवानपुरबाट नारायणगढतर्फ गइरहेको बागमती प्रदेश ०३-००१ ज २९९ नम्बरको इभी गाडी ठोक्किएको जिल्ला प्रहरी कार्यालय चितवनका डीएसपी रवीन्द्र खनालले जानकारी दिए । दुर्घटनामा घाइते भएका २४ जनाको विवरण प्रहरीले सार्वजनिक गरेको छ । उनीहरुको विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

मृत्यु हुनेहरूमा विभिन्न स्थानका व्यक्तिहरू रहेका छन् भने घाइतेहरूको पनि सूची सार्वजनिक गरिएको छ। मृत्यु हुनेहरुमा मकवानपुर हटिया ३ बस्ने वर्ष ५५ का सोमप्रसाद रुपाखेती ,.मकवानपुर हेटौंडा ५ बस्ने वर्ष ५३ की मैयाकुमारी न्यौपाने पहाडी ,.हाल नाम थर वतन नखुलेको अनुमानित वर्ष १८-१९ की महिला, हाल नाम थर वतन नखुलेकी अनुमानित वर्ष २४-२५ की महिला ,हाल नाम थर वतन नखुलेको अनुमानित वर्ष २२-२३ का पुरुष , त्यस्तै पुरानो मेडिकल कलेज भरतपुरमा मृत्यु भएका नाम थर वतन नखुलेकी अनुमानित वर्ष ३०-३५ की गर्भवती महिला र हाल नाम थर वतन नखुलेको अनुमानित वर्ष ३५-४० का पुरुष रहेका छन् । त्यस्तै एलाइभ अस्पताल भरतपुरमा



उपचार भइरहेका घाइतेहरूमा मकवानपुर हेटौंडा उमनपा १३ बस्ने वर्ष १६ का सक्षम थापा,. मकवानपुर हेटौंडा उमनपा १२ बस्ने वर्ष ३२ का सिंहवीर घलान , मकवानपुर हेटौंडा उमनपा ४ बस्ने वर्ष ३१ का विष्णु लम्साल , मकवानपुर हेटौंडा उमनपा ८ बस्ने वर्ष ३४ की गंगा घलान (गम्भीर) ,पुरानो मेडिकल कलेज भरतपुरमा उपचार भइरहेका घाइतेहरूमा झापा गौरादह नपा ९ बस्ने वर्ष अन्दाजी ६५ की सुशीला बराल (नाकमा चोट) , गौरादह ९ कै वर्ष ६७ की उमा बराल , कञ्चनपुर बेलौरी नपा ४ बस्ने वर्ष ४८ का वीरबहादुर जैसी , रुकुम पश्चिम आठबिस्कोट नपा

❖ बाँकी तेस्रो पृष्ठमा

## सुत्केरी गराउन जाँदै गर्दा श्रीमान र सासूसहित गर्भवती महिलाको मृत्यु

झापा(प्रस) । प्रसूति सेवा लिन चितवनस्थित भरतपुर अस्पताल जाँदै गरेकी हेटौँडा-५ की २७ वर्षीया रेणुका कँडेल पहाडीको दुर्घटनामा मृत्यु भएको छ । दोस्रो सन्तान जन्माउनका लागि प्रसूति गराउन भरतपुर हिँडेकी रेनुकाले शनिबार भएको दुर्घटनामा श्रीमान ३५ वर्षीय सरोज र सासुआमा ५५ वर्षीया मैयाकुमारीसँगै ज्यान गुमाएकी छिन् ।

शनिबार बिहान १०: १५ बजेको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत चितवन जिल्लाको राप्ती नगरपालिका-४ मा भएको दुर्घटनामा उनीहरूको मृत्यु भएको थियो । हेटौँडाबाट नारायणगढतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ज २ ९९ नम्बरको रेणुका सवार माइक्रोबस धनगढीबाट काँकडभिट्टातर्फ जाँदै गरेको प्रदेश १-०१-००१ ख ३५८३ नम्बरको यात्रुबाहक बस आपसमा ठोक्किएर दुर्घटना

❖ बाँकी तेस्रो पृष्ठमा

# ट्रकसंग ठोक्किएर मोटरसाइकल चालकको मृत्यु

झापा(प्रस) । पूर्वपश्चिम राजमार्गको रतुवा पुलमा ट्रकसंग ठोक्किएर मोटरसाइकल चालकको मृत्यु भएको छ । शुक्रवार राति ९.३० बजे कमल गाउँपालिका-५ रतुवा पुलस्थित पूर्वपश्चिम राजमार्गमा दमकबाट केर्खातर्फ आउँदै गरेको मे १ ख ३३१८ नम्बरको ट्रक स्टार्ट बन्द भई बिग्रिएर बसेको अवस्थामा सोही दिशातर्फ आउँदै गरेको मे ९ प ८९०४ नम्बरको



मोटरसाइकल सो ट्रकमा ठक्कर खाई दुर्घटना भएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक कमल -५ बस्ने ३० वर्षीय सुशिल राई गम्भीर घाइते भएका थिए । उनलाई निम्स अस्पताल दमकमा ल्याई सामान्य उपचारपश्चात् थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड रेफर गरिएकोमा बीएण्डसी अस्पताल लैजाने क्रममा दमक -६ गणतन्त्र चोकमा आफन्तले मृत्यु भइसकेको शंका लागेर पुनः निम्स अस्पताल पुर्याउनासाथ चिकित्सकले मृत घोषणा गरेका थिए ।

मृतकको शव दमक अस्पताल दमकमा राखिएको छ । तत्काल फरार रहेका ट्रक चालक अर्जुनधारा -७ बस्ने ५३ वर्षीय रघुनाथ सिटौला इलाका प्रहरी कार्यालय दमकको सम्पर्कमा आई नियन्त्रणमा रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

# टिमाई खोलाबाट ५ वटा ट्रयाक्टर नियन्त्रणमा



झापा(प्रस) । प्रतिबन्ध लगाइएको अबस्थामा खोलाबाट नदीजन्य वस्तु ओसार पसार गर्ने ५ वटा ट्रयाक्टर प्रहरीले नियन्त्रण लिएको छ ।

बुद्धशान्ति गाउँपालिका वडा नम्बर -४ टिमाई खोलाबाट अवैध रुपमा ढुंगा ओसार पसार गर्दै गरेको अबस्थामा ती सवारी साधनलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएका ट्रयाक्टरहरु मे. १ त. ५१३५,मे. १ त. ७३७२, मे. १ त. ७५४३,मे. १ त. ५४४६ र मे. १ त. २४६१ रहेका छन् ।

शनिवार बिहान ११ बजेतिर टिमाई खोलाबाट अवैध रुपमा ढुङ्गा ओसार पोसार गर्दै गरेको अवस्थामा अस्थाई प्रहरी चौकी मंगलबारेबाट खटिएको गस्ती टोलीले नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि बुद्धशान्ति गाउँपालिका कार्यालयमा पठाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

पालिकाहरुले असार १ देखि भदौ अन्तिमसम्म खोलाहरुबाट नदीजन्य वस्तु उत्खनन् गर्न प्रतिवन्ध लगाएका छन् ।

# झापा गाउँपालिकाको अठारौं गाउँसभा शुरु




कुमरखोद(प्रस) । झापा गाउँपालिकाको अठारौं गाउँसभा शुरु भएको छ । गाउँसभामा गाउँपालिकाको आर्थिक वर्ष २०८२-८३ को नवौं वार्षिक नीति तथा कार्यक्रम पेश भएको छ ।

आर्थिक वर्ष २०८२-८३ को नीति तथा कार्यक्रम झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले प्रस्तुत गरेकी थिइन् । झापा गाउँपालिकाले तयार गरेको प्रतिवेदनउपर प्रतिक्रिया दिँदै जनप्रतिनिधिहरुले जनमुखी, विकासमुखी र आर्थिकमुखी भएकोले पालिकाले ल्याएको नीति तथा कार्यक्रम स्वागतयोग्य रहेको बताए ।

पालिकाले आफ्ना पालिकाका जनताको जीवनस्तर उकास्नको लागि मुख्य तीनवटा आर्थिक विकासका वुँदाहरुको खाका तयार गरेको छ। आर्थिक विकासतर्फ कृषि , पशु , वैक तथा वित्तीय संस्था , पर्यटन र वित्तीय व्यवस्थापन रहेका छन् ।

यसैगरी गाउँपालिकाले सामाजिक र साँस्कृतिक विकासतर्फ मुख्य चौधवटा नीतिलाई अगाडी सारेर बजेट तयार गर्ने निर्णय गरेको छ ।

सामाजिक र साँस्कृतिक विकासतर्फ शिक्षा , स्वास्थ्य , युवा तथा खेलकुद , खानेपानी तथा सरसफाई , महिला विकास , बालबालिका , ज्येष्ठ नागरिक , आदिवासी , जनजाति, दलित सम्वन्धी नीति , अपाङ्ग सम्वन्धी नीति , यौनिक,लैङ्गिक अल्पसंख्यक, खस , आर्य सम्वन्धी नीति , संस्कृति प्रवर्द्धन तथा सामाजिक उत्थान , सामाजिक मेलमिलाप तथा न्याय निरुपण, भूमि सम्वन्धी नीति र शान्ति सुरक्षा सम्वन्धी नीतिहरु रहेका छन् ।

# विपत् व्यवस्थापनको तयारी गर्न निर्देशन

झापा(प्रस)। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मानवीय लापर्बाहीका कारण मनसुनजन्य विपत्तिको जोखिम दिन प्रतिदिन बढिरहेको बताएका छन् ।

विराटनगरमा आयोजित ‘ मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना’ विषयक संवाद कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले भौतिक पूर्वाधार निर्माणमा वातावरणीय मूल्याङ्कन नहुँदा विपत्तिको रूप लिने गरेको बताएका हुन् ।

उनले भने, “विकासका नाममा वातावरणीय सन्तुलन तोड्दै जलवायु परिवर्तनलाई अझ चर्को बनाइरहेका छौँ । यदि अहिले पनि गम्भीरतापूर्वक तयारी नगरेमा केही वर्षपछि विपत्तिलाई नियन्त्रण गर्न सक्ने अवस्था रहँदैन ।”

मुख्यमन्त्री कार्कीले आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई कोशी प्रदेशका सबै जिल्लामा प्रभावकारी विपत् व्यवस्थापनको तयारी गर्न निर्देशनसमेत दिए ।



उनले मानवीय, भौतिक तथा आर्थिक क्षति न्यूनीकरणका लागि जनचेतना अभिवृद्धिमा विशेष ध्यान दिन पनि आग्रह गरेका छन् ।

कार्यक्रममा आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले कोशी प्रदेशले पाँचवर्षीय विपत् व्यवस्थापन रणनीति कार्ययोजना अनुसार जोखिम विश्लेषण र संवेदनशील बस्तीको पहिचान गर्दै आएको बताए । अति जोखिममा रहेका बस्तीको स्थानान्तरणको तयारी पनि भइरहेको मन्त्री भण्डारीको भनाइ छ ।

संघीय, प्रदेश र स्थानीय सरकारबिच सहकार्य गरी विपत् प्रतिकार्यलाई प्रभावकारी बनाउने योजना रहेको उनको भनाइ छ । कार्यक्रममा विभिन्न विषयमा विज्ञहरूद्वारा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

जल तथा मौसम विज्ञान विभाग धरानका रुद्र परियारले ‘२०८२ सालको मनसुन प्रक्षेपण’, राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी गोमा चेम्जोङले ‘संघीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२’ र कोशी प्रदेशका विज्ञ रामकुमार दाहाल तथा यसप्रसाद सुब्बाले ‘प्रदेशस्तरीय मनसुन पूर्वतयारी र प्रतिकार्य’ विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

## बन्धक बनाइएका ३५ नेपालीको भारतबाट उद्धार



झापा(प्रस) । नयाँ दिल्लीस्थित नेपाली दूतावासले भारतको उत्तराखण्डबाट ३५ नेपालीको उद्धार गरेको छ।

आकर्षक जागिरको प्रलोभनमा पारी बन्धक बनाइएका नेपालीहरूलाई दूतावासले प्रहरीको सहयोगमा उद्धार गरेको हो।

उद्धार गरिएका युवाहरूलाई कुटपिट र यातना दिने व्यक्तिहरूलाई उत्तराखण्ड प्रहरीले पक्राउ गरेको छ।

काठमाडौँ । नयाँ दिल्लीस्थित नेपाली राजदूतावासले ३५ जना नेपालीहरूको उद्धार गरेको छ । आकर्षक जागिरको प्रलोभनमा भारतको उत्तराखण्डको काशीपुर पुऱ्याई बन्धक बनाइएका ३५ नेपालीहरूको दूतावासले उद्धार गरेको हो ।

# इरानमा फसेका नेपालीलाई भारतले उद्धार गर्ने

झापा(प्रस) । भारतले इरानमा फसेका नेपाली नागरिकलाई उद्धार गर्न मद्दत गर्ने भएको छ । इरानस्थित भारतीय दूतावासले ‘नेपाल र श्रीलङ्काको सरकारको अनुरोधमा इरानस्थित भारतीय दूतावासद्वारा सञ्चालन गरिएको उद्धार प्रयासमा अब नेपाली लागि टेलिग्राम च्यानल वा आपत् कालीन नम्बरहरू प्रयोग गर्न सकिनेछः +९८९०१०१४४५५७, +९८९१२८१०९११५ र



+९८९१२८१०९१९ ।

आफ्नो सामाजिक सञ्जाल एक्समार्फत यसको जानकारी दिएको हो । नेपालसँगै भारतले श्रीलङ्काका नागरिकहरूलाई पनि उद्धार गर्ने जानकारी दिइएको छ । दूतावासले भनेको छ, तथा श्रीलङ्काली नागरिकहरूलाई पनि समेटिने भएको छ।’ इरानमा रहेका नेपाली तथा श्रीलङ्काली नागरिकहरूलाई यथाशक्य चाँडो भारतीय दूतावाससँग सम्पर्क गर्न अनुरोध गरिएको छ। सम्पर्क गर्नका

इरान र इजरायलबिच तनाव सुरु भएपछि इरानमा रहेका आफ्ना नागरिकहरूलाई सुरक्षित रूपमा उद्धार गर्नका लागि ‘अपरेसन सिन्धु’ सुरु गरेको छ ।

# प्रतिदिन अभिव्यक्ति

कविता

## छोरी र देश !



• नारायणप्रसाद सापकोटा

छोरी सानी छन्
घर चिन्छिन् देश चिन्दिनन्
तर एउटा बाङ्गो इट्टाजस्तो आकृति बनाएर
'मेरो देश' लेख्न थालेको पनि वर्षौं भइसकेछ।

मैले पनि के के गरिनँ र
छोरीलाई घरसँगै देश चिनाउन
तर छोरीले टिप्न सकिनन् वा मेरो कला पुगेन
छोरीले नाम त सम्झिइन् तर चिन्न सकिनन्।

'बुद्ध जन्मेको देश हो, छोरी!
अहिंसा र शान्ति हाम्रो धर्म हो'
अहँ, छोरीले मानिनन्
भन्छिन्, मान्छेले मान्छेलाई नै किन मार्छन् त बाबा?

'सगरमाथाको देश हो हाम्रो, छोरी!
अटल रहेर सधैँ हामीले शिखर छुनुपर्छ'
तर छोरीको प्रतिप्रश्नले झस्किन्छु
पुर्खाजस्तै वर्तमानका हामी नेपाली
सगरमाथाको चित्र पनि नदेखी मर्दा रहेछौँ।

'नौ रङको रङ्गिन डाँफे चराको देश हो, छोरी!
जीवनका सबै रङ्ग देख्न हामी माथि-माथि उड्नुपर्छ'
राष्ट्रिय चरा अहिलेसम्म नदेखेको बाबु म
फेरि उत्तर दिन सक्दिनँ छोरीको प्रश्नमा
रङ बदलेर कि नबदलीकन, बाबा?

जमिन, जंगल, बाटोघाटो, चोक, पसल, बजार, स्कुल आदि त
देश जस्तै लाग्दैन छोरीलाई, के सोच्दछिन् कुन्नि?
सायद त्यहाँ आफूलाई पाउँदिनन् वा आफ्नोपन पाउँदिनन्
प्रश्नमाथि प्रश्न नै तेर्स्याउँछिन्
घरजस्तै देशको पनि नियम हुनुपर्दैन र?

अलि अलि चित्त बुझाएको एउटै कुरा छ छोरीले
झन्डा पार्कमा विशिष्ट आकार लिएर ठिङ्ग उभिएको
चन्द्र र सूर्य अंकित त्रिकोणात्मक रातो झन्डा
हो, यही झन्डा जस्तै हाम्रो देश पनि सबैभन्दा भिन्न छ, छोरी
यहाँका कुरा संसारमा देखिँदैनन्, संसारमा देखिएको यहाँ देखिँदैन!

देश चिनाउँदा मान्छे चिनाऊँ कि नचिनाऊँ
कसलाई चिनाऊँ कसलाई नचिनाऊँ?
फेरि अर्को प्रश्न गरिसकेकी छन्
'अस्ति त्यस्तो बोल्ने को हो, बाबा?'
अब म के भन्दिऊँ?
यति निरीह कहिल्यै भएको थिइनँ।

छोरीले उत्तर फेरि खोज्ने छिन्, आज नभए भोलि
मैले उत्तर बनाउनु नै छ
'यो लोकतन्त्र हो, छोरी
लोकतन्त्रमा बोल्न पाइन्छ, लाज नमानी
कर्म गर्न पाइन्छ, डर नमानी
न्याय र दण्ड त भगवानले मात्र दिन्छन्
ढिलो र चाँडो मात्र हो
भगवानसँग हामी सधैँ डराउनु पर्छ।'

गजल

## माली सम्झें मैले



• विष्णु ढुंगाना

पानी हाल्दैथ्यौ फूलबारीमा, माली सम्झें मैले
नजर जुधाई मुस्कुरायौ, दिल खाली सम्झें मैले

खै, के भएर अलमलियो यो मन, त्यहीँ कतै
हेरेर फेरि बोलिनौ तिमी, आफ्नै पालि सम्झे मैले

के भनेर बोलाउँ भनी, दोधारैमा यो मन पर्यो
बर्बराउँदै थियौ तिमी, गाली सम्झें मैले

ओठको डिलमा कालो कोठी कति सुहाउँदो
हरियो चुरा हातभरि पूजा, थाली सम्झे मैले

घुन्टो उठाई चियाइदियौ, छड्के हेराइले
जानि जानि रेटने त्यो मन, जाली सम्झें मैले ।

## कालो कफीको सम्झना!



• रामकृष्ण अधिकारी

पानी पर्नै लागेको मौसम, आकाशमा काला बादलहरू मडारिँदै गर्दा बेलाबेला सातोपुत्लो उड्ने गरी गर्जिएको मेघ अनि चट्याङका झिल्काहरू। मान्छेहरू आफ्ना आफ्नै सुरमा मौसमको हडबडाहट सँगै कुदिरहेका थिए। यस्तैमा बसबाट ओर्लनासाथ ऊ कुदै नजिकको ठुलो क्याफे पुग्यो। क्याफे लगभग सुनसान नै थियो।

पुराना फाट्न लागेको जुत्ता, सामान्य फर्मल ड्रेस अनि गह्रुङ्गो झोला बोकेको ऊ। नयाँ विचारको समयमा पुरानै सामान्य अनुहार लिएर अन्तिमको एउटा कुनाको टेबलमा बस्न मात्र के भ्याएको थियो एक हँसिली मुहार भएकी वेट्रेस ओठभरि मुस्कान भर्दै हातमा मेनु बुक बोकेर सोध्न पुगी।

'सर के लिनु हुन्छ? अर्डर प्लिज!'

'सर प्लिज' शब्दबाट ऊ कति पनि प्लिजड् भएन। ऊ कठोर थियो या उसको बोली, मेनुलाई बेवास्ता गर्दै फोनको स्क्रिनमा निहुरिएको टाउकोलाई स्थिर राख्दै एकै स्वरमा भन्न पुग्यो एउटा- 'अमेरिकानो सिंगल सट।क'

सिंगल सटको प्रतीक्षा जारी थियो। ऊ धेरै चुरोट तान्ने मान्छे पनि थिएन। सिगरेट र कफी अर्थात् 'डबल सी' यसको छुट्टै बेग्लै नसा छ, ऊ यसै भन्ने गर्थ्यो। उसको नितान्त एक्लो जीवनमा डबल भन्ने चिज सायद यिनै 'डबल सी' मात्र थिए। सिगरेटको एक खिल्ली उसका हातमा सलबलाउँदै गर्दा धुवाँको एक मुस्लो त्यो कुनामा रङमडिसकेको थियो। उसका आँखाले धुवाँमा अनेकन् आकृतिहरू कोर्दै थिए। चित्रहरू बन्ने र बिलाउने क्रम निरन्तर जारी थियो।

अमेरिकानो सिंगल सट, त्यही कालो कफी लिएर केही छिनमै वेट्रेस आइपुगी। थाहा छैन ऊ कुन कुरामा ध्यानमग्न थियो। आँखाहरू अझै पुतपुताइरहेका धुवाहरूमा नै हराएका थिए।

'सर! हजुरको अमेरिकानो सिङ्गल सट' भन्दै फेरि पनि बनावटी थियो या नेचुरल मुस्कानका साथ टेबुलमा कफी राखेर बिदा भई! ऊ कफीलाई गहिरिएर नियाल्दै थियो। रिफाइन चिनीका सानु दुई प्याकेट, एक सानु चम्चा अनि कफी सहितको प्लेट, प्लेटमा चिनी र चम्चा उसका लागि बेकामका थिए। बेकामको चिजलाई यसै छोडेर ऊ तितो कफीको सुरुवाती एक चुस्कीको मिठास आफूमा भर्दै गर्दा कता कता विगतको पहिलो क्यापुचिनोको यादहरूमा डुबेको थियो।

यादहरू क्रमशः कुनै सिनेमा चले झैँ चल्दै जान्छन्।

'तिमी के लिन्छौ?' मेनुको बाक्लो ठेली पल्टाउँदै उनले सोधिन्।

म अलमल्ल थिए। जीवनको पहिलोपल्ट म उनीसँग ठुलो क्याफेमा पुगेको थिएँ। त्यसअघि पनि केटाहरूसित सानातिना कफी सप र चिया पसल त गएकै थिएँ तैपनि उनीसँगको त्यो बसाइ, त्यो भव्य क्याफे अनि बजाइएको मधुर संगीतले मलाई रोमाञ्चित बनाइरहेको थियो। म के खाने वाला थिएँ सोच्न र खोज्न दुवै सकिरहेको थिइनँ।

मुस्कुराउन नजाने पनि फिस्स हाँस्दै उनलाई हेरेर भनेँ, 'तिमी जे अर्डर गर्छौ मलाई नि त्यही है!'

ऊ अझै अलमलमा थिई। हातमा पेन र पेपरसहित वेटर अर्डर लेख्नको लागि तयार थियो।

'दुइटा क्यापुचिनो र एउटा फ्रेन्च फ्राई।'

वेटर अर्डर लिएर गइसकेको थियो। म उनीसँग बोल्नको लागि विषयहरूको छनोटमा थिएँ। कति गाह्रो कतै अकवार्ड फिल नहोस् भनी जसोतसो फाट्टफुट्ट गफ त दिइरहेकै थिएँ। उनी कति शान्त र मौन थिइन्, म भनी छुट्टै उत्सुकतामा रमाइरहेको थिए। सधैँ दूध चियामा रमाइरहेको म अब क्यापुचिनोको दुनियाँलाई चिन्दै थिएँ।

चौपट्टै राम्री उनी। इन्द्रका अपसराहरू कस्ता थिए कुन्नि! कुनै अप्सराभन्दा कम थिइनन् मेरो कल्पना र सोचाइभन्दा परको, उनीसँग बसेर कफी पिउन पाउनु स्वयंको लागि आश्चर्यको विषय थियो। लजालु स्वभावको म त्यति धेरै राम्रो पनि त थिइनँ। खै भाग्य कुण्डलीको कुन उल्काको प्रभाव थियो कुन्नि! तर म खुसी थिएँ।

क्यापुचिनो आइसकेको थियो। आहा! कति राम्रो मुटु चित्रको कला। साँच्चै मायालु जोडीहरूकै लागि रहेछ क्यापुचिनो, मनमनै कल्पिएँ। मुटु चित्रले मेरो मुटुमा छुट्टै द्व याङ्गो बजाएको थियो। त्यही बेला सम्झिएँ चकलेटको विज्ञापन- 'फिर से मन मे लड्डु फुटा।'

त्यति बेलासम्म मैले उनीसँगको जीवनको कल्पनाका थुप्रै लड्डुहरू फुटाइसकेको हुँदो हुँ। थोरै लाजसँग रातो पिरो भएको थिएँ। उनले कफीमा रिफाइन सुगर घोल्दै गर्दा चिनीसँगै म पनि रिफाइन भई घोलिएर विलीन भइसकेको थिएँ। क्यापुचिनो साँच्चै मिठो थियो। त्यो पल, ती समय अनि मधुर संगीत सबै मिठा थिए।

त्यो समय मिठासमा नै सकियो। समय बित्दै गयो। कफीले निद्रा लाग्दैन, मान्छेहरू यसै भन्ने गर्छन्। सायद त्यसै होला म पनि निदाएको थिइनँ। क्याफिनको नशाभन्दा छुट्टै नशा मलाई उनको लागेको थियो। कफी त यसै बदनाम भए जस्तै लाग्थ्यो। सधैँ आफ्नै खयालमा हुन्थेँ। अनेकन् कुरा र प्रसङ्ग ल्याएर गफ पनि हाँकिरहन्थे। उनी मेरा लागि अब दैनिकी जस्तै थिइन्। मेरा हर खुसीको आदतमा, सानातिना सुख दुःखका कुराहरूमा, सुनाउन भनी साँचेर राखेको हरेक कुरामा उनी थिइन् तर पनि डर लागिरहन्थ्यो कतै म उसलाई इरिटेट पो गरिरहेको छु कि!

कुनै कविले भनेझैँ डराएको मनले लगाएको पिरतीमा साँच्चै पिर मात्र बाँकी हुने रहेछ। थाहा छैन मन किन डराएको थियो तर पनि हुने हार दैव नटार भनेझैँ हुने कुरा जसरी नि हुनु थियो। सबै कुरा बदलिँदै थिए। आखिरमा बेवकुफ त मन नै थियो। क्यापुचिनोको मिठासमा हराउँदै गर्दा उनका अगाडि आत्मसमर्पण गरेका मेरा भावनाहरू अनियन्त्रित भइसकेका थिए। अनियन्त्रित भावनाहरूबाट एउटै परिणाम आउनु थियो, जुन दुर्घटना थियो।

त्यस्तै दुर्घटनाका सिकार मेरो स्वयंको कल्पनाहरू भए। मैले सिर्जना गरेको भावी हाम्रो जीवनका कल्पनाहरू, आकाशमा उडिरहेको कल्पनाका संसारहरू कहिल्यै देखा नपर्नी गरी पातलमुनि धसिएका थिए। मन घायल भएको थियो। भावनाहरू टुक्रिएर छरपस्ट थिए। मैले बताउन सकिनँ या उसले सुन्न चाहिन। उसले सोचेको म र मैले सोचेको उसको लागि म दुवै छुट्टै थिएँ। भिन्न थिएँ।

क्यापुचिनोबाट अब मिठास भर्ने तत्त्वहरू- दूध, चिनी, ती कलाहरू हामी छुट्टिएसँगै छुटिँदै थिए। मिठास त उसले लगिसकेकी थिई। मैले चाहेर पनि रोक्न सकिनँ, सायद ऊ रोकिने पनि थिइन।

म अब कफीसित मात्र बाँकी थिएँ। तितो कालो कफी, बिनारंग पानीसँगको मात्र कफी। क्यापुचिनोको छोटो रङ्गिन पलहरूबाट अब बदलिएर म पनि अमेरिकानोमा अभ्यस्त भइसकेको थिएँ। हरेक कफी अनि सम्झनामा ऊ सधैँ मिठास बनेर आउँथी। म त्यही तितो कफीमा घोलेर पिइदिन्थेँ। जस्तै तितै भए नि पछिसम्म मिठास बाँकी रहिरहन्थ्यो। म पनि बाँकी राखिरहन चाहन्थेँ, सधैँ कैद गरेर ती तिता अनि मिठा सम्झनाहरू।

यादहरूको रिल सकिँदै थियो। स्मृतिहरू धमिलिँदै थिए। बाहिर केही हदसम्म वर्षा थामिँदै थियो। उसको कफीको चुस्कीहरू सकिँदै थिए। चुरोटको धुवाँ कुनामा नै बिलाइसकेको थियो। दुई केटा र केटी उसका टेबलको विपरीत अर्को कुनामा बसी खासखुस गरेको सुन्दै गर्दा दुई मुटु सहितको कला कुँदिएको क्यापुचिनो उनीहरू सामु आइपुगिसकेको थियो। उसले केही छिन टोलाउँदै गर्दा सायद ऊभित्र बाँकी रहेको क्यापुचिनोको स्मृतिलाई त्यही कालो कफीमा एकै चोटि घोलेर अन्तिम चुस्की पियो।

कपको पिँधमा अझै कालो कफीको तिता आभासहरू बाँकी थिए। अगाडिको एस्ट्रेमा धुवाँको सम्झना स्वरूप चुरोटका ठुटाहरू ठिङ्ग उभिएका थिए। विलीन भएको धुवाँ, तितो पिँधमा बाँकी रहेको कफी अनि डढिसकेको चुरोटका ठुटाहरूको सम्झना उसले त्यही छोडेर गयो। खै कता गयो? कहाँ गयो? कसैलाई थाहा भएन। त्यसपछि ऊ कहिल्यै त्यो क्याफेमा फर्किएन। सायद अन्त कतै कुनै क्याफेको कुनाको टेबलमा एक सर्को धुवाँको मुस्लोमुनि बसेर कालो कफीसँगै तितो जीवन पिउँदै होला।

उसले छोडेको त्यो कालो कफीको तितो सम्झना अझै त्यही क्याफेमा पाइन्छ। कतै कहिल्यै मन लागेको समयमा त्यो क्याफेमा पुग्नु भयो भनी नबिर्सी पिउनु होला 'अमेरिकानो सिंगल सट'। उर्फ त्यही कालो कफी!

## एक्लो थियो एक्लै गयो !



• विवश वस्ती

धेरै हिसाब किताब सँगालेर ढल्किँदै गइरहेको थियो, उनको उमेर । युवा वयका खुट्किलाहरू चढ्दै गर्दा पनि एक्लै थिए, उनी । पारिवारिक सम्बन्धका हिसाबले उनी दरिद्र थिएनन् । बाबु थिए, आमा, हजुरबा, हजुरआमा, दिदी, भाइ सबै । सबैका स्नेहले तृप्त र देदिप्यमान देखिन्थे । उनको जीवन-परिधि भने आलोकवृत्तको साँध-सीमाभित्र अट्न नसकेर क्रमशः धूमिल हुँदै गइरहेको थियो ।

उमेरले मध्याह्न पार गरी दक्षिणायण दिशातिरका पर्वत शृङ्खला ताक्दै गर्दा पनि अविवाहित जिन्दगीमै रमाइरहेका थिए, उनी । समकालीन छोराछोरी हुर्काउने उपक्रममा थिए । बग्रेल्ती होइनन्, एकाध मात्र । उनी भने....।

"अङ्कल नमस्ते !" समवयीका छोराछोरीले दुवै हात उठाएर अभिवादनको भाषा बोल्दा उनी आफूभित्र लज्जाबोध उमार्दै भन्थे, "नमस्ते, नानु ! अँ, अस्ति तिमीले राम्रो पर्फमेन्स देखाएछौ नि, हैन ?"

"हो, अङ्कल । कसरी थाहा पाउनु भो तपाईंले ?"

"अरू कोबाट थाहा पाउनु । तिम्रै बाबाबाट ।"

"थ्याङ्क्यु, अङ्कल ।" आफ्ना साथीभाइका छोराछोरीबाट यस्ता शब्द आउँदा उनी खुसी हुन्थे र शतप्रतिशत भाव-द्रवित पनि । उनी भन्थे, "मैले तिमीलाई एउटा गिफ्ट ल्याइदिएको छु ।"

उनी आधुनिक टाइपको ब्यागबाट एउटा सानो वस्तु निकालेर दिन्थे । बालबालिकाप्रतिको अथाह स्नेहभाव हेर्न उनको व्यावहारिक धरातललाई नियाल्न करै लाग्थ्यो ।

"धेरै धेरै थ्याङ्क्यु अङ्कल !" बालबालिका उनीप्रति कृतज्ञताको फूलमाला बर्साउँथे । साँच्चै, बालबालिकाको खुसीको तह सुनामी झैँ छाल उरालेर फैलिन्थ्यो, निकै टाढा टाढासम्म । कहिले त केही परको शिवपुरीको उच्च र समृद्ध पर्वतमालासम्मै हुत्तिँदै जान्थ्यो ।

बालबालिकामा पलाएका अपार खुसीसँगै उनी केही सोचमग्न देखिन्थे ।

एकदिन मैले उनीप्रति अतिशय भावुकता देखाएँ र आफूभित्रको उकुसमुकुसलाई सतहमा निकाल्दै सोधेँ, "अचेल तिमी दिनदिनै उदास र बेचैन बन्दै गइरहेका छौ ? यो मेरो हेराइ गलत पनि हुन सक्छ तर तिमी निकै उदास देखिँदै छौ ।"

"के म तपाईंले भने जस्तै देखिन्छु र ?" उनले अन्तर्यमा सञ्चित अर्धप्रतिशत मुस्कान यो मुस्कानविहीन पर्यावरणमा छर्दै भने ।

"त्यस्तै लाग्यो मलाई त ।" मैले भनेँ र उनको अवस्था बुझेर थपेँ मैले, "उमेर बढ्दै जाँदा जीवनसाथीको आवश्यकताबोध झन् बढ्दै जान्छ । हामीले कति सम्झाउनु तिमीलाई भाइ ! सोच त एक पटक । उमेर ढल्किँदै जाँदा अनेक समस्या ताँती लागेर आउँछन्, बर्सातका कमिला झैँ । यस्तो बेला...।" म धेरै नै भावुक बन्न पुगेँ ।

"तपाईंले त्यही बिहेको कुरा गर्नुभएको होला, हैन र ?" उनी पटक्कै गम्भीर देखिएनन्, पहिला पहिला जस्तै । "हो ।" मैले भनेँ, "अब तिमीले बिहे नगरी हुँदैन । तिमीले बिहेलाई कसरी बुझेका छौ ? मलाई थाहा छैन तर जीवन यात्रालाई गतिशील बनाउन र परिवारका सदस्यका ओठमा अप्रतीम मुस्कान भित्र्याउनका लागि भए पनि बिहे गर्नै पर्छ ।"

"म यो वैवाहिक ढाँचाको विरोधी हुँ ।" आफूलाई दार्शनिक भावभूमिमा उभ्याउँदै थपे, "म विवाह-संस्थाको विरोधी हुँ । हाम्रो विवाह-संस्थाले महिलालाई सधैँ शोषणको माध्यम मात्र बनाउँदै आयो । पितृ सत्ताको यौनिकताको राजनीतिक चरणबिच हाम्रो समाज सत्ता गुज्रिरहेको छ ।"

"त्यति भावुक नबन । आधुनिकता, उत्तरआधुनिकता के के 'ता' हुँदै गुज्रिएर आएको यो एआईको जमानामा तिम्रा कुरा थोत्रा भइसके ।" मैले पेलान दिन खोज्दै भनेँ, "हामी जुन समाजका हिस्सेदार हौँ, त्यो समाजले परम्परागत रूपदेखि अपनाउँदै आएका हरेक ढाँचाका अनुयायी बन्नु पर्छ । नभए हामी एक्लो बृहस्पति जस्तै हुने छौँ ।" मैले उनलाई विवाह संस्थाको ढर्रागत शैलीलाई पछ्याउँदै उपदेशात्मक दबाब दिएँ ।

मेरो उपदेशात्मक दबाबको 'डोज' ले उनलाई पटक्कै छोएन । उनी डोजविहीन हुँदै मलाई उल्टै उपदेशरूपी काउछो भिराउन तयार भए, "तपाईंले एउटा भनाइ सुन्नुभएको होला, प्रत्येक सफल पुरुषको पछाडि एउटी महिलाको हात हुन्छ ।" तर प्रत्येक असफल पुरुषको पछाडि नि ?

"महिलाकै त हुन्छ होला नि !" मैले पञ्चतन्त्रको गँगटोले झैँ सहज उत्तर दिएँ ।

"हैन । बिल्कुलै हैन ।" उनले इन्कार गर्दै भने, "प्रत्येक असफल पुरुषको पछि पुरुषकै हात हुन्छ । यो हाम्रो परम्परागत वैवाहिक संस्थाले उब्जाएको मुख्य समस्या हो ।" यस पटक भने उनको हाँसो फुत्कियो तर तत्क्षणै सेलायो पनि

उनको हाँसो ।

म उनीसामु नतमस्तक भएँ ।

काठमाडौँको उत्तरी कुनो, बुढानीलकण्ठ । त्यही ठाउँस्थित दुइटा कोठामा बस्दै आएको दशकौँ बितिसक्यो, उनको । एक्लै बस्छन्, जाँगर उब्जिएका बेला आफैँ पकाइतुल्याई खान्छन्, नभए बाहिरतिरै । एक प्रकारले अनियमित जस्तै छ, जीवनशैली । मनमौजी तरिकाले जीवन बिताउनेका पदचिह्नलाई पछ्याउनेमा उनी पनि पर्छन् ।

एकाध वर्ष भयो । उनी र म एउटै कार्यालयमा आबद्ध छौँ । कार्यारम्भदेखि नै उनी र मबिच मिल्दै आएको छ, वेभलेन्थ । एकदिन अरू

❖ बाँकी तेस्रो पृष्ठमा

# मन्त्रालयको काम एकातिर, बजेट अर्कोतिर

झापा(प्रस)। कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष (२०८२/०८३) का लागि ल्याएको बजेटबारे प्रदेश सभामा छलफल जारी छ। छलफलका क्रममा विपक्षीहरूले बजेटको आलोचना गरेका छन् ।
प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले आइतबार ३५ अर्ब ८७ करोड ९९ लाख रुपैयाँको बजेट प्रस्तुत गरे । कुल बजेटमध्ये चालुतर्फ १८ अर्ब ६७ करोड ३३ लाख (५२ प्रतिशत), पुँजीगततर्फ १७ अर्ब १० करोड ६५ लाख (४७.७ प्रतिशत) विनियोजन भएको छ ।
गत वर्षको तुलनामा यो बजेटमा चालु खर्च बढेको छ भने पुँजीगत खर्च घटेको देखिएको छ । सञ्चालन तथा कार्यक्रम खर्च त अघिल्लो वर्षको तुलनामा २६ प्रतिशतले बढेको छ । मन्त्रालयगत हिसाबले विनियोजन गरिएको कार्यक्रममा कतिपय अमिल्दा कार्यक्रम पनि छन् ।
उदाहरणका लागि पर्यटन मन्त्रालयले खेलकुद आयोजना गर्ने, आर्थिक मामिला तथा योजना मन्त्रालयले चिया सम्मेलन गर्ने, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले बाटो बनाउने लगायतका कार्यक्रमका लागि बजेट विनियोजन भएका छन् ।
प्रदेश सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेटमा सञ्चालन तथा कार्यक्रम खर्च बढेको छ । सञ्चालन तथा कार्यक्रम खर्च आर्थिक वर्ष २०८०/०८१ मा ६ अर्ब १६ करोड २६ लाख २० हजार थियो । चालु आर्थिक वर्षमा त्यो खर्च ४.८९ प्रतिशतले बढेर ६ अर्ब ४६ करोड ३८ लाख १८ हजार विनियोजन गरियो । उक्त बजेटमा संशोधन गर्दै चालु आर्थिक वर्षका लागि ५ अर्ब ५८ करोड ४० लाख २० हजार खर्च हुने अनुमान गरिएको थियो । यद्यपि आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटमा भने त्यो खर्च २६.१४ प्रतिशतले वृद्धि हुँदै ७ अर्ब ४ करोड ३७ लाख ८ हजार पुग्ने अनुमान गरिएको छ ।

प्रदेश सरकारको जम्मा साधारण खर्च चालु आर्थिक वर्षमा १४ अर्ब ३७ करोड ७२ लाख ३३ हजार थियो । आगामी आर्थिक वर्षका लागि १०.८७ प्रतिशतले बढाउँदै साधारण खर्चका लागि १५ अर्ब ९३ करोड ९५ लाख ८५ हजार विनियोजन भएको छ ।
उता पुँजीगत खर्च भने गत वर्षको तुलनामा घटेको छ । चालु आर्थिक वर्षमा पुँजीगत खर्च १७ अर्ब ३५ करोड ८७ लाख ६२ हजार हुने अनुमान छ । आगामी आर्थिक वर्षका लागि भने उक्त रकममा १.४५ प्रतिशत घटाउँदै पुँजीगत १७ अर्ब १० करोड ६५ लाख ८० हजार खर्च हुने अनुमान गरिएको छ ।

गत वर्षको तुलनामा यस वर्ष तलब, निवृत्तीभरण, सामाजिक सुरक्षासमेतको खर्चको अनुमान भने ९.५९ प्रतिशतले घटेको छ । चालु आर्थिक वर्षमा यो शीर्षकमा ६ अर्ब ६८ करोड ८२ लाख ६८ हजार विनियोजन गरिएको थियो भने आगामी आर्थिक वर्षका लागि ६ अर्ब ४ करोड ७१ लाख ३८ हजार विनियोजन गरिएको छ ।
यस्तै आगामी आर्थिक वर्ष चालुतर्फ सेवा महसुलतर्फ १७ करोड १५ लाख १७ हजार खर्च हुने अनुमान गरिएको छ । मर्मत सम्भार र सञ्चालनका लागि ४७ करोड ७९ लाख २६ हजार लाग्ने अनुमान गरिएको छ । जसमा पदाधिकारी इन्धनका लागि १ करोड ९५ लाख २८ हजार र कार्यालय प्रयोजनका लागि १६ करोड २९ लाख ६३ हजार, सवारी साधन मर्मत खर्च १४ करोड ९५ लाख ५६ हजार, मेसिन मर्मतमा ४ करोड ९० लाख १४ हजार खर्च हुने अनुमान गरिएको छ ।

यस्तै सेवा तथा परामर्श खर्चमा १ अर्ब २ करोड २३ लाख २६ हजार, कार्यक्रम सम्बन्धी खर्च ३ अर्ब ६४ करोड ८१ लाख ५७ हजार, अनुगमन मूल्याङ्कन र भ्रमण खर्च १८ करोड ५७ लाख १४ हजार र विविध खर्चको नाममा २० करोड १० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । पुँजीगत खर्चतर्फ पनि सवारी साधन खर्चका लागि १७ करोड १ लाख ७७ हजार राखिएको छ ।
गत वर्षको तुलनामा यस वर्ष तलब, निवृत्तीभरण, सामाजिक सुरक्षासमेतको खर्चको अनुमान भने ९.५९ प्रतिशतले घटेको छ । चालु आर्थिक वर्षमा यो शीर्षकमा ६ अर्ब ६८ करोड ८२ लाख ६८ हजार विनियोजन गरिएको थियो भने आगामी आर्थिक वर्षका लागि ६ अर्ब ४ करोड ७१ लाख ३८ हजार विनियोजन गरिएको छ ।

यसैबिच प्रदेश सरकारले सार्वजनिक गरेको विनियोजित कार्यक्रम पुस्तिकामा १० हजार मुनिका विकासे कार्यक्रम पनि सयौँको संख्यामा राखिएको छ ।

## काँकडभिट्टा...

९ बस्ने वर्ष ३० का सन्देश ओली रहेका छन् ।
त्यस्तै चितवन मेडिकल कलेज भरतपुरमा उपचार भइरहेका घाइतेहरूमा अछामको साफे बगर नपा १० बस्ने वर्ष ३२ का अर्जुनबहादुर राउत, कैलालीको लम्किचुवा नपा ८ बस्ने ४५ वर्षीय जम बुढा, कञ्चनपुर पूर्णवास नगरपालिका ६ बस्ने वर्ष ७० की चन्द्रकुमारी थापा, झापा गौरादह नगरपालिका ६ बस्ने वर्ष ७० की टिका न्यौपाने, कञ्चनपुर पूर्णवास नगरपालिका ६ बस्ने वर्ष ६९ का जमबहादुर थापा , कैलाली गौरीगगा नपा ११ बस्ने वर्ष ३२ का सुरेश बोगटी, कैलाली लम्कीचुवा नगरपालिका १ बस्ने वर्ष ३७ का लोकेन्द्र बुढा , कैलाली लम्कीचुवा नगरपालिका १ बस्ने वर्ष ४८ का बलसिंह बुढा, रौतहट चपुर नगरपालिका ७ बस्ने वर्ष ४५ को वुलटन साह कानु , मकवानपुर बकैया गापा ४ बस्ने वर्ष २६ की अनिसा घिमिरे, कालिकोट पलाता गापा ४ बस्ने वर्ष ५३ का रत्न बुढा , झापा दमक नगरपालिका ८ बस्ने वर्ष ८३ की लक्ष्मीमा पौडेल , झापा मेचीनगर नपा १५ बस्ने वर्ष २३ का प्रवेश सोरेन , सप्तरी राजविराज नगरपालिका ५ बस्ने वर्ष ५६ का श्रीचन्द्र राय , कैलाली गोदावरी नपा ४ बस्ने वर्ष ३४ का महेश चौधरी र मोरङको बेलबारी नगरपालिका ७ बस्ने वर्ष २७ का सुमन चौधरी रहेका छन् ।

## सुत्केरी...

भएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ । प्रहरीका अनुसार दुर्घटनामा परी ७ जनाको मृत्यु भएको छ ।
हेटौँडामै नियमित स्वास्थ्य जाँच गराउँदै आएकी रेणुका सन्तान जन्माउनका लागि परिवारसहित चितवन जाँदै थिइन् । चिकित्सकले रेनुकाको सुत्केरी हुने मिति आइतबार तोकिदिएका थिए । रेनुकाका श्रीमान सरोजलाई मामा नवराज पहाडीले आफ्नो गाडी लिएर जान भनेका थिए । तर, सरोजले सुत्केरी भएपछि २/४ दिन अस्पतालमै बस्नुपर्ने हुनसक्ने भन्दै सार्वजनिक माइक्रो बसमा यात्रा गर्ने निर्णय लिएका थिए ।
सरोजले ३ वर्षीया छोरीलाई बुबासँग घरमै छाडेर गर्भवती श्रीमतीसँगै आमालाई साथी लिएर भरतपुर हिँडेका थिए । तर, सरोजले दोस्रो सन्तान हेर्ने सपना पूरा हुन सकेन । उल्टै गर्भमा रहेको भ्रुणसँगै श्रीमती रेणुका र आमाको साथमा ज्यान गुमाउन बाध्य भए । श्रीमती, छोरा, बुहारी र गर्भमा रहेको नाति पुस्ताको एक चिहान हुँदा रेवती पहाडी अचेत अवस्थामा रहेको छिमेकी विजय पुडासैनीले जानकारी दिए । 'श्रीमती, छोरा, बुहारी र गर्भमा रहेको भ्रूण पनि गुमाउनु परेपछि बुबा रेवती पहाडी अचेत हुनुभएको छ । बेलाबेलामा बर्बराइरहनुभएको छ । छिमेकमा बज्रपात परेपछि चितवन पुगेका पुडासैनीले भने, 'रेवती सर अचेत हुनुहुन्छ । पहाडी परिवारमा ठुलो दुर्घटना भो । हामी पनि शोकमा छौँ ।'
दुर्घटनामा परी हेटौँडा-४ का ५५ वर्षीय सोमप्रसाद रुपाखेती, माइक्रोबस चालक हेटौँडा-१० का ३१ वर्षीय राजु थिङ र रौतहट जिल्लाको चन्द्रनिगाहपुर-६ की ३५ वर्षीया सीता चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ । चितवन प्रहरीले रुपाखेतीको ठेगाना साविक हटिया गाविस-३ उल्लेख गरे पनि उनी हाल हेटौँडा-४ मा बस्दै आएका थिए ।

दुर्घटनामा परी मृत्यु भएकी एक युवतीको सनाखत हुन सकेको छैन । अन्दाजी १९ वर्षीय युवतीको सनाखत हुन नसकेको प्रहरीले उल्लेख गरेको छ । दुर्घटनामा परी घाइते भएकाहरू भरतपुरस्थित पुरानो मेडिकल कलेज, एलाईभ अस्पताल भरतपुरमा उपचार भइरहेको छ ।
घाइतेमध्ये हेटौँडा-४ का ३१ वर्षीय विष्णु लम्साल, हेटौँडा-१२ का ३२ वर्षीय सिंहवीर घलान र हेटौँडा-१३ का १६ वर्षीय सक्षम थापा मध्यम घाइते रहेको प्रहरीको भनाई छ । हेटौँडा-८ की ३४ वर्षीया गंगा घलान गम्भीर घाइते भएको छ ।बस चालक मोरङ बेलबारी नगरपालिका-७ का २७ वर्षीय सुमन चौधरी प्रहरी नियन्त्रणमा रहेको छ । बस चालक चौधरी सामान्य घाइते भएको र उपचारपछि डिस्चार्ज भएर प्रहरी नियन्त्रणमा रहेको बताइएको छ ।

# दाउरा खोज्न गएका बसेल वनभित्र मृत फेला



झापा(प्रस)। दाउरा खोज्न गएका एक व्यक्ति हलुवागढ सामुदायिक वनभित्र मृत फेला परेका छन् । शुक्रवार साँझ ५ बजे झापा अर्जुनधारा १ दखलबस्ती बस्ने ७० वर्षीय बलबहादुर बसेल दाउरा खोज्न त्यहीको हलुवागढ सामुदायिक वनतर्फ गएकोमा घर फर्की नआएपछि आफन्त र स्थानीयहरुले खोजतलास गर्ने क्रममा वन परिसरभित्रै गैरे खोल्सीमा घोप्टो परी मृत अवस्थामा फेला परेका थिए । शनिवार बिहान ८:१५ बजे प्रहरी चौकी शनिश्चरेमा जानकारी प्राप्त हुनसाथ प्रहरी चौकी शनिश्चरेबाट प्रहरी नायव निरीक्षक उमेश श्रेष्ठको टोली खटिएर घटनास्थल सुरक्षित राखेको थियो । थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी निरीक्षक सन्तोष राईको कमाण्डमा टोली खटिएको थियो । मृतकको शवलाई पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ । रुखले लागेर उनको मृत्यु भएको आशंका गरिएको छ ।

# इलाममा हात्तीको आक्रमणबाट महिलाको मृत्यु



झापा(प्रस) । इलाममा जंगली हात्तीको आक्रमणबाट एक महिलाको मृत्यु भएको छ । रोङ गाउँपालिका ६ स्थित सिद्धिखोला किनारको घारीमा जंगली हात्तीको आक्रमबाट तत्काल नाम थर वतन नखुलेको अन्दाजी वर्ष ५०/५५ की महिलाको मृत्यु भएको हो । शनिवार साँझ ५:३० बजे प्रहरी चौकी जिर्मलेमा खबर प्राप्त हुनासाथ प्रहरी सहायक निरीक्षक इन्द्रप्रसाद साहको कमाण्डमा प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको छ ।

घटनास्थल अनुसन्धान तथा कानुनी प्रक्रियाको लागि इलाका प्रहरी कार्यालय पशुपतिनगरले तालुक इलाका प्रहरी कार्यालय काँकडभिट्टा झापासंग समन्वय गरिरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

## एक्लो...

दिनभन्दा केही ढिला कार्यालयमा झुल्किए उनी । जाडोको महिना । आँखा चिम्सा देखिन्थ्यो । निन्याउरो थियो, अनुहार । शरीरमा स्फूर्तिको थोपै विम्ब थिएन जस्तो आभास भयो मलाई ।

"सन्चो छैन कि क्या हो ?" मैले उनको अनुहारको भावानुवाद छिचोल्दै सदाशयता देखाएँ ।

"अँ ।" यति मात्रै बोले र थपे, "आज मलाई काम गर्ने त्यति जाँगर नै छैन, दाइ ।"

"के भो ?" मैले हठात् सोधेँ ।

"रातभरि सुत्न सकेको छैन ।" उनले झोलाबाट एक बट्टा औषधी निकाल्दै भने, "खोकीले ग्रस्त तुल्यायो । यो औषधीले पनि खासै काम गरेन ।"

"एक/दुई दिन खाएपछि काम गर्ला नि ! आजको आजै त काँबाट काम गर्छ र ?"

"मैले त हिजो राति....।"

"के ?"

"मलाई त आजको रात नै मेरो अन्तिम रात होला जस्तो लागिरहेको थियो दाइ !" उनले आफूलाई अतिशय भावुकताको नाभिमा उभ्याउँदै भने, "रातभरि खोकिरहेँ । निरन्तर जसो नै । उठेर पानी तताउने जाँगरसम्म पलाएन ।"

"मैले त तिमीलाई भनेकै थिएँ नि...।" बल्छीमा माछा परे झैँ मैले उनलाई अल्झाउँदै भनेँ, "मैले पटक पटक भन्दै आएको छु, तिमी विवाहविरोधी नबन । विवाह गर्नु पर्छ । कम्तीमा तिमी बिरामी पर्दा तिम्री स्वास्नीले हेरविचार त गर्छिन् । त्यो हिजो तिम्ले पानी तताउन सकेनौँ । तिम्री स्वास्नी भएकी भए उनले तताएर दिन्थिन् । तिमी बिरामी पर्दा स्वास्नीको हेरचाह, स्वास्नी बिरामी पर्दा तिम्रो हेरचाह ।"

आज भने उनको अनुहारको भाव भङ्गी नियाल्दा केही गम्भीरताबोध भित्रिए जस्तो अनुभूति भयो मलाई ।

उनी एक कुनामा टोलाएर बसे र दुवै हातले मुख छोपेर खोक्न थाले । उनको खोकाइले केही अन्तरालपछि मात्र स्थगनको दिशा अँगाल्यो ।

त्यो दिन उनको अनुहार खुलेको थियो, शरद् कालीन पूर्ण चन्द्र झैँ । मैले भर्खर पाइन हालिएको उनको धारिलो अनुहारतिर नियाल्दै सोधेँ, "आज धेरै प्रफुल्ल देखिन्छौ नि, के भयो त्यस्तो ?" मात्र हाँसे उनी ।

मैले उनको हाँसोको अन्तर्य बुझ्न चाहेँ । कुनै पनि कोणबाट उनको हाँसोको आयतनलाई नाप्न सकिनँ र सोधेँ, "यस्तो हाँसो आज कसरी उत्पन्न भयो, मेरो भाइको मुहारमा ?" "दाइ, यो फागुनमा जन्ती जानु पर्छ है ।" धेरै खुले आज उनी ।

"हो ? साँच्चै हो ?" म पुलकित बनेँ ।

"अँ ।" उनले भने, "सबैका एउटै चिन्ता रह्यो । अरू चिन्तित हुँदा म पनि गम्भीर बन्न थालेँ । यो उमेरसम्म आइपुग्दा सङ्घर्षका अनेक गल्छेँडाहरू पार गरेँ । अब भने आफ्नै खुट्टामा उभिन र कोही कसैलाई उभ्याउन पनि सकुँला भन्ने आत्मविश्वास जागृत भयो । हजुरबाले पनि नराम्ररी भन्नु भो...।"

"के भन्नुभयो त्यस्तो ?"

"मैले बिहे गरेर के गर्नु हजुरबा, स्वास्नी र छोराछोरीलाई पाल्न सकिनँ भने के गर्नु ? भनेको थिएँ । उहाँले झपार्दै भन्नुभयो, तँ त हाम्रो घरको काली कुकुर जतिको ह्याउ भएको पनि रैनछस् । त्यो कुकुरले हरेक वर्ष पाँच/सात वटा बच्चा जन्माएर हुर्काउँछे । तँ त...। छोयो हजुरबाको कुराले ।" उनले भने ।

म गज्जबले हाँसेँ, यस पटक भने ।

बिहानैदेखि पूरै मनमस्तिष्क फुकाएर खुल्न चाहिरहेको थिएन, आजको दिन । आकाशको वृत्तलाई सघन तुवाँलोले आफ्नो नातेदार बनाइसकेको प्रतीत हुन्थ्यो । हिउँदका दिन गतिशील हुन थालेपछि यस्तै दृश्य विम्बसँग बातचित गर्ने औसर जुर्ने गर्छ ।

"थाहा पाउनुभो, दाइ ?" सखारै एक जना भाइले भने ।

मैले अनपेक्षित खबरको प्रतीक्षा गर्दै सोधेँ, "के कुरा ?"

"श्याम त रहेनन् नि !"

"हो र ?"

"अँ, हिजो राति हार्टएट्याक भएर बितेछन्, बरा !" उनले एकै पटक सहानुभूतिको बारकोड पहिल्याउँदै भने ।

स्तब्ध भएँ, केही क्षणसम्म । मोबाइलमा कुनै संवाद भएन, केही सेकेन्ड । स्थगित संवादलाई पुनः जोड्दै सोधेँ, "कहाँ बितेछन्, बरा !"

"बेहोस भएर उनी आफ्नै कोठामै ढलेका रहेछन् ।" उनको आवाज आद्र देखिँदै थियो, "उनी बेहोस भएर ढलेपछि छेउकै कोठामा बस्ने मानिसले अस्पताल लिएर गएका रहेछन् तर अस्पताल पुऱ्याएपछि डक्टरले मृत घोषणा गरे छन् ।"

मैले आफूलाई संवेदनाको आलीमा उभ्याउँदै भनेँ, "यही फागुनमा बिहे गर्दै छु दाइ भन्दैथ्यो । बिचरा, बिहे नै नगरी बिते । कति पीडादायी कुरा !"

ती भाइले भने, "बिहे नगरी यो उमेरमै बित्यो । ठिकै भो दाइ । बिहे गरेका भए त स्वास्नी, छोराछोरीको के हविगत हुन्थ्यो । एक्लो थियो, एक्लै गयो, बिचरा !"

यो दुःखद खबर मैले आफ्नी पत्नीलाई पनि सुनाएँ, "आज बिहानै कस्तो दुःखद खबर सुन्नुपऱ्यो, श्याम त हिजो राति बितेछन् नि !"

अवरुद्ध भयो मेरो गला ।

"के भएर ?"

"हार्टएट्याक भएछ ।" मैले थपेँ, "भर्खर ३० वर्षमा हिँड्दैथ्यो । बिहे पनि गरेको थिएन ।"

मेरी पत्नीको मुखबाट पनि तिनै शब्द-भाव व्यक्त भयो, "यति चाँडै जानु रहेछ । बिहे नगरेकै राम्रो भयो । बिहे गरेका भए त स्वास्नी, छोराछोरीको बिजोग नै हुन्थ्यो ।"

मेरी पत्नीको संवेदित मन उनको श्रद्धाञ्जलीतिर नभई उनका सम्भावित पत्नी र छोराछोरीतिर केन्द्रित हुन पुग्यो । म अवाक् बनेँ ।

साँच्चै, उनी एक्लै गएका थिए ।
सूर्यास्तको समय थियो ।

मैले आफ्नो संवेदनारूपी जङ्गलमा हुर्किँदै गएका करुण वृक्षका करुण हाँगातिर नियाल्न थालेँ । निकै दूरस्थ क्षितिजका समवेत स्वरहरूमा सूर्यले उद्विग्न आलापद्वारा भरिभराउ त्यो दिनको अन्तिम कोरस गाइरहेको प्रतीत हुन्थ्यो ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

वृष: महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

मिथुन: आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

कर्कट: नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

सिंह: आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

कन्या: मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

तुला: आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

वृश्चिक: सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

धनु: आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

मकर: घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

कुम्भ: राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

मिन: परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।